Website(Central):www.supremecourt.gov.np Email :tahasil.dcsunsari@supremecourt.gov.np

# सुनसरी जिल्ला अदालत

## ईनरुवा

### तहसिल शाखा

फोन नं.: ०२५-५६०१९४
फ्याक्स नं.: ०२५-५६०१९४

सर्वसाधरणको लागि जारी भएको दशीका रुपमा प्राप्त भई जिन्सीमा आम्दानी बाँधिएका गोलिया तथा चिरान काठहरु लिलाम विक्री सम्बन्धमा प्रथम पटकको गोप्य सिलबन्दी बोलपत्र आव्हानको सूचना ।

## सूचना प्रकाशित मिति २०७७।०९।२८

नेपाल सरकार वादी भएका वन ऐन अन्तर्गत दर्ता हुन आएका चालु एवम् फैसला भएका मुद्दाहरुमा दशीका रुपमा प्राप्त भई जिन्सीमा आम्दानी बाँधिएका गोलिया तथा चिरान काठहरु लिलाम विक्री गर्ने प्रयोजनको लागि मिति २०७७।०९।२३ को मूल्याङ्कन समितिबाट भएको न्यूनतम मूल्याङ्कन बमोजिम देहायमा उल्लिखित दशीका काठहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ तथा आर्थिक कार्यविधि नियमावली समेत बमोजिम सिलबन्दी बोलपत्रद्वारा एक मुष्ठ लिलाम विक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, काष्ठ व्यवसायी, फर्म, कम्पनि वा संघ संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र बोलपत्र खरिद गरी देहाय बमोजिमका शर्तहरुको अधिनमा रही रीतपूर्वकको गोप्य सिलबन्दी बोलपत्र दाखिल गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सुचना www.supremecourt.gov.np मा समेत हेर्न सकिने छ ।

तपसिल

| क.स. | जि.नं. | काठको जात | काठको प्रकार | थान | जम्मा परिमाण(क्यु.फि.) | काठको ग्रेड | दर(रु./क्यु.फि.) | न्युनतम मुल्य (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १४४० | साल | चिरान | ५२ | ७३.१११ | A | १३३५।५० | ९७,६३९.७४ | |
| | | | वल्लावल्ली | १३ | २८.३७ | A | १५०।- | ४२५५.५ | |
| २ | १५५९ | साल | गोलिया | २ | १९.७ | B | १००३।- | १९,७५९.१० | |
| | | | गोलिया | २ | १४.४६ | A | १३३५।५० | १९,३११.३३ | |
| ३ | १३८८ | सतिसाल | गोलिया | १०४ | ९.९८ | - | १९५३।- | १९,४९०.९४ | |
| ४ | १५८३ | साल | चिरान | ३९ | ३३.५८ | A | १३३५।५० | ४४,८४६.०९ | |
| ५ | १२६३ | साल | चिरान | ४५ | ४६.९२ | A | १३३५।५० | ६२,६६१.६६ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | १३३१ | साल | चिरान | २५ | १२.३६२ | A | १३३५।५० | १६,५०९.४५ | |
| ७ | १८२४ | साल | चिरान | ८८ | ३६.१२ | A | १३३५।५० | ४८,२३८.२६ | |
| ८ | १२४९ | साल | गोलिया | ५ | १९.५३ | B | १००३।- | १९,५८८.५९ | |
| ९ | १५८४ | साल | गोलिया | ६ | १०५.३६ | A | १३३५।५० | १,४०,७०८.२८ | |
| | | | | | | | | रु. ४,९३,००८।९४ | |

# शर्तहरु:-

१) बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय:

क) बोलपत्र खरिद गर्ने अन्तिम मिति: २०७७।१०।१३ गते दिनको ४.०० बजे सम्म

ख) बोलपत्र दाखिला गर्ने अन्तिम दिन २०७७।१०।१४ गते दिनको ४.०० सम्म

बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने दिन अदालत विदा भएमा सोको भोलिपल्ट उल्लिखित समयभित्र दाखिला गर्नुपर्नेछ।

२) बोलपत्र फारम कागजात यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात् मिति २०७७।१०।१३ सम्म कार्यालय समय भित्र रु.१,०००।— तिरी (फिर्ता नहुने गरी) आर्थिक प्रशासन शाखामा नगदै तिरी तहसिल शाखाबाट खरिद गर्न सकिनेछ। बोलपत्र खरिद गर्ने निवेदनसाथ नेपाली नागरिकताको प्रमाणपत्र, फर्म, कम्पनि वा संस्था भए दर्ताको प्रमाणपत्र र गत आ.व. सम्मको कर चुक्ताको प्रमाणपत्र लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

३) खरिद भएका बोलपत्रहरु यो सूचना प्रकाशित भएको १६औं दिन अर्थात मिति २०७७।१०।१४ दिनको ४:०० बजे सम्ममा यस अदालतको नाममा सम्बोधन गरी बोलपत्र दाताको नाम र ठेगाना स्पष्ट खुलाई सिलबन्दी छाप लगाई तहसिल शाखामा दर्ता गराउनु पर्ने छ. बोलपत्र दाताले बोल कबोल गरेको अंकको १० प्रतिशतले हुने रकम यस अदालतको धरौटी रा. बा. बैंक सुनसरीको धरौटी खाता नं. २२२०१००१०२०३०००० मा राखी सोको भौचर सहित बोलपत्र पेश गर्नु पर्ने छ ।

४) दर्ता भएका बोलपत्रहरु दाखिल गर्ने अन्तिम दिनको भोलिपल्ट अर्थात मिति २०७७।१०।१५ दिनको ३:०० बजे बोलपत्र दाता, निजको प्रतिनिधिहरु एवं अन्य प्रतिनिधिहरुको रोहवरमा यस अदालतको तहसिल शाखामा खोलिने छ, बोलपत्र दाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५) बोलपत्रमा दर, रेट अंक अक्षर दुबैमा स्पष्ट उल्लेख गर्नु पर्ने छ, अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइने छ, म्याद नाघी आएको रित नपुगेको बोलपत्रको कुनै कारवाही गरिने छैन। व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाममा दाखिल गर्न पाईने छैन ।

६) बोलपत्र दाताले पेश गरेको बोलपत्र मुल्यांकन भएपछि सबैभन्दा बढी बोल कबोल गर्नेको बोलपत्र छनौट गरी प्रथम हुनेलाई मान्यता दिईनेछ । उक्त प्रथम हुने बोलपत्र दाताले सम्झौता गर्न नआए निजको धरौटी जफत गरिनेछ । बोलपत्र खुली कारवाही भएपछी छनौट भएका बोलपत्र दाताले बोल कबौल अंकको बाँकी ९०% रकम धरौटी खातामा जम्मा गरी सोको हुने मुल्य अभिवृद्धि कर समेत ७ दिन भित्रमा जम्मा गरी सो रकम जम्मा गरेको मितिले ५ दिन भित्र सामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा उठाई लगि सक्नु पर्ने छ।

७) बोल कबोलको अङ्कमा १३% का दरले मुल्य अभिवृद्धि कर लाग्ने छ ।

८) न्युनतम मूल्याङ्कन भन्दा घटी मुल्य लेखी ल्याएमा सो बोलपत्रलाई मान्यता दिइने छैन ।

९) लिलाम भएको काठहरु उठाई अन्यत्र लैजादा लाग्ने ज्याला तथा कानुन बमोजिमको अन्य दस्तुर र लाग्ने नियमानुसारको शुल्क बोलपत्र दाताले आँफै तिर्नु पर्ने छ ।

१०) बोल कबोल गर्नेले सम्पुर्ण काठहरुको एकमुष्ट लिलाम बोल्नु पर्ने छ ।

११) बोलपत्र दाताले लिलाम हुने काठहरु कार्यालय समयभित्र यस अदालतमा उपस्थित भई हेर्न सकिने छ ।

१२) रित नपुगेको र वोलपत्र दाखिल गर्ने अन्तिम मिति र समय पछि पेश गरिने बोलपत्रलाई कुनै मौका दिईने छैन र लिलामी प्रक्रियामा समेत सहभागी गराईने छैन ।

१३) अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

१४) लिलामी काठहरुको एक मुष्ट रकम रु.४,९३,००८।९४ रहेको छ ।

१५) बोलपत्र स्विकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस अदालतमा सुरक्षीत रहने छ ।